# मेलमिलाप

## सर्लाही जिल्ला अदालत

- छिटो छरितो र कम खर्चमा पक्षहरू आफैले आफ्नो विवादको समाधान खोज्ने पद्धति मेलमिलाप हो ।
- तालिम लिएका अनुभवी व्यक्ति मेलमिलाप कर्ताको रूपमा सुचिकृत भएका हुन्छन ।
- अदालतमा मुद्दा परेपछि अदालतको स्रेस्तेदार वा जिल्ला न्यायाधीशले पक्षहरूलाई मेलमिलापका लागि प्रोत्साहित गर्न सक्दछन् ।
- मेलमिलापबाट विवादको स्थायी समाधान हुन्छ । मेलमिलापबाट मुद्दा मिलापत्र हुँदा दुवै पक्षले जितको महसुस गर्दछन् । मेलमिलापबाट एक पक्षको जित र अर्को पक्षको हार नभई दुवै पक्षको जित जित Win Win Situation को अवस्था हुन्छ ।
- मेलमिलापकर्ता रोज्न पक्षहरू स्वतन्त्र हुन्छन् ।
- मेलमिलापकर्ताले पक्षहरू प्रति समान व्यवहार गरी गोपनियता कायम राखी काम गर्नु पर्दछ ।
- हाल आएर सामुदायिक मेलमिलापको प्रचलन बढी प्रचलित छ ।
- सामुदायिक मेलमिलापबाट सामुदायमा रहेका विवाद दुवै पक्षको उपस्थितिमा निष्पक्ष रूपमा आपसी सहमतिवाट समाधान गरिन्छ ।
- विशेष गरी देवानी प्रकृतिका मुद्दाहरू, साननतिना, कुटपिट लुटपीट, जग्गा जमिन संग सम्बन्धित विषयमा मेलमिलापको प्रक्रिया अपनाउन सकिन्छ ।
- गम्भिर प्रकृतिका फौजदारी मुद्दामा मेलमिलाप हुन सक्दैन् ।
- मेलमिलापका फाईदाहरू:-
    - विवादको छिटो समाधान हुन्छ ।
    - यसवाट छिटो विवादको समाधान हुँदा दुवै पक्षको सन्तुष्टी हुने गरी विवादको समाधान खोजिन्छ ।
    - मेलमिलापबाट भएको निर्णय अदालती निर्णय सरह लागु हुन्छ ।

- जिल्ला अदालत, उच्च अदालत र सर्वोच्च अदालत तिनै तहमा मेलमिलापको व्यवस्था छ ।
- स्थानीय सरकार सँचालन ऐन, २०७४ मा परिच्छेद-८ मा न्यायीक कार्य सम्बन्धी व्यवस्था छ।
- न्यायिक समितिलाई जग्गा चापी घुसाई खाएको ।
- आफ्नो हक नपुग्ने जग्गा घर वा कुनै संरचना वनाएको ।
- पति पत्नीको सम्बन्ध विच्छेद ।
- गाली वेईज्जती, कुटपिट ।
- अरूको आवासमा अनाधिकृत प्रवेश गरेको ।
- ध्वनी प्रदुषण गरी वा फोहरमैला फ्याकी छिमेकीलाई असर पुर्‍याएको आदी विषयका विवादहरू मेलमिलापको माध्यमवाट निरूपण गर्न सक्ने अधिकार छ ।
- प्रचलित ऐन/ कानुन व्यवस्था:- मेलमिलाप ऐन, २०६८ ।
- मेलमिलाप सम्वन्धी नियमावली, २०७० ।
- मेलमिलाप कर्ताको अचार संहिता २०७३ जस्ता कानुनी व्यवस्था रहेका छन् ।
- सर्वोच्च अदालत मातहत मेलमिलाप परिषद रहेको छ । हरेक जिल्ला अदालतमा सूचिकृत मेलमिलापकर्ता र मेलमिलापको व्यवस्था रहेको छ ।